# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं मार्ग २८ गते २०११ साल [संख्या १८

## भाग १

## सल्लाहकार सभाको सूचना

सल्लाहकार सभाको मार्ग ; १७, २०११ को बैठकमा प्रधान तथा अर्थ- मन्त्री श्री माननीय मातृकाप्रसाद कोइरालाले पेश गर्नुभएको –"मुद्रा विनियम नियन्त्रण विधेयक, २०११" सल्लाहकार सभाको कार्य संचालन तथा कार्यविधिको नियम धारा ८६ अनुसार तल प्रकाशित गरिएको छ।

## मुद्रा विनिमय नियन्त्रण विधेयक २०११

मुद्रा विनियम दरको व्यवस्था ( Regulation ) र नियन्त्रण गर्नाका लागी मन्त्री–मण्डलका सल्लाह र सल्लाहकार सभाको सिफारिसले राजकीय परिषद् द्वारा श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।



९६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त शीर्षक र विस्तारः— यो ऐनको नाउँ "मुद्रा विनिमय नियन्त्रण ऐन, २०११" रहेको छ।

(२) यो ऐन सरकारले नेपाल गजेटमा विज्ञप्तिद्वारा सूचना दिई आवश्यकतानुसार तोकेको इलाकाभित्र तोकेको साल महिना मितिमा लागू गराउन सक्नेछ।

२. मुद्राको दरभाउ इत्यादि गराउनामा सरकारलाई हुने अख्तियारः—

(१) सरकारले सूचित आदेशद्वारा विदेशी मुद्राको खरीद बिक्री र दर रेटमा नियन्त्रण राख्न सक्नेछ।

(२) उपदफा १ ले दिएको अख्तियारको सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी माथि लेखिएको आदेशले देहायबमोजिम गर्न पाउनेछ।

(क) विदेशी मुद्रामा खरीद बिक्री गर्नेलाई लाइसेन्स दिने।

(ख) विदेशी मुद्राको खरीद बिक्री गर्ने लाइसेन्स पाएका लाइसेन्सी उपर सो खरीद बिक्रीको काममा शर्त लगाउने।

(ग) बिदेशी मुद्राको खरीद बिक्री गर्ने काम सरकारले लिई एक हट्टी गरी विदेशी मुद्रा खरीद बिक्री गर्ने।

(घ) यो ऐन लागू गरिएको इलाका बाहिर बिदेशी मुद्रा निकाशी गर्नामा रोक लगाउने र व्यवस्था गर्ने।

३. दण्ड सजायः— माथि दफा २ अन्तर्गत निकालिएको सूचित आदेश अथवा माथि लेखिएबमोजिम दिइएको सूचित आदेशमुताविकको लाइसेन्सको शर्तको वर्खिलाप कसैले अपराध गरेमा १ वर्षसम्म कैदै अथवा एक हजार रुपैयाँसम्म दण्ड अथवा दुवै हुनेछ।

४. फाँट (Returns) दाखिल गराउने बारेको अख्तियारः—

(१) सरकारले, जुनसुकै व्यक्तिलाई पनि, लिखित आदेशद्वारा यस्तो

९५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढाँचामा यस टायमसम्ममा निजसँग रहेको विदेशी मुद्राको मौजदात (Stock) देखाउनु भनी आदेश दिन सक्नेछ।

(२) मुनासीबमाफिकको कुनै कारण नपरी लिखित आदेश पाएको कुनै व्यक्तिले जानी जानी अथवा लापर्वाही गरी तोकिएको टायमभित्र विदेशी मुद्रामा भएको आफ्नो मौजदातको (Stock) फाँट (Returns) पेश गर्दैन अथवा दाखिल गरेको फाँट (Returns) मा पनि झुट्टा फाँट (Returns) पेश गर्छ भने त्यस्तालाई रु ५००० सम्म दण्ड हुनेछ। भूलले सानातिना या थोरै अङ्कको फरक परेमा भने सोबमोजिम सजाय हुनेछैन।

५. विदेशी मुद्रामा मालको मोल मनाहीबारे:— (१) कुनै व्यक्तिले पनि बिक्री गरेको मालको मोल र काम गरेको ज्याला अथवा कुनै चल अचलको भाडा या व्याज वट्टा विदेशी मुद्रामा माग गर्न हुँदैन।

स्पष्टीकरण:— कुनै व्यक्तिले बिक्रीको मालमा विदेशी मुद्रामा मोल तोक्छ अथवा विदेशी मुद्रामा दर रेट लेखी बिक्रीलाई राख्छ भने विदेशी मुद्रामा दर, मोल, ज्याला, बैना बट्टा मागेको ठहर्छ।

(२) कुनै व्यक्तिले माथिको उपदफा (१) को उल्लंघन गरेमा १ बर्षसम्म कैदै या हजार रुपैयाँसम्म दण्ड या दुवै हुनेछ।

६. अरू ऐनसँग बाझेमा गर्ने:— यो ऐनमा लेखिएको कुरामा र यस ऐन अन्तर्गत दिएका आदेशहरूमा यो ऐन र ती आदेशहरूबमोजिम हुनेछ, यो ऐनमा नभएकोमा अरू ऐन सवालबमोजिम हुनेछ।

## उद्देश्य र कारण

फाटकेवाजी समेत अरू कारणहरूबाट विदेशी मुद्रा र नेपाली मुद्राको दर रेट बराबर घटबढ भैरहेको र नेपाली मुद्राको दर मोल कम हुँदै गै त्यसको असर

९२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यकीय बस्तुहरूमा पनि पर्नगै आम जनतालाई दुःख पीर र नोक्सान पर्न गइरहेको हुँदा त्यस्तो अनुचित मुनाफा खाई आम जनतालाई दुःख पीर पर्न नपावस् र नेपाली मुद्रा र विदेशी मुद्राको दररेट स्थिर रहोस् भन्नाको हेतुले सरकारले यो ऐन तर्जुमा गर्नुपरेको हो ।

आज्ञाले—
कुलशेखर शर्मा,
सेक्रेटरीः—सल्लाकार सभा

## गृहमन्त्रालयको सूचना

पु.जे ६८११ ०११।८।२३

जेल खोरमा थुनिएका कैदी थुनुवाहरू छुटकेरी भएमा जेल सुधार योजना बमोजिम पाउनेसिधाभाथि छुटकेरी भएका मितिले २ महिनासम्म सवाई थपी दिने गरी पुराना दरबन्दी खारेज गरी नयाँ दरबन्दि भएकोले सर्वसाधारणलाई थाहा होस भन्नाका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी,—गृहमन्त्रालय

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।